# नेपाल सरकार
# आर्थिक संकेत तथा वर्गीकरण

## राजस्व संकेत तथा वर्गीकरण

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| *१००००* | *राजस्व तथा अनुदान* | | |
| ***११०००*** | ***कर*** | | ***फर्म एवं व्यक्तिको आयमा लाग्ने कर यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ***१११००*** | ***आय, मुनाफा तथा पूँजीगत लाभमा कर*** | | ***आय, मुनाफा तथा पूँजीगत लाभ कर वापतको रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ***१११९०*** | ***एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर*** | | ***एकलौटी फर्म एवं व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | १.१.०३.१४ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। |
| १११२ | पारिश्रमिक कर | १.१.०३.२१ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। |
| ११११३ | पूँजीगत लाभ कर - व्यक्तिगत | १.१.०३.५३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका नि:सर्गबाट भएको पूँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। |
| ***१११२०*** | ***निकायको आयमा लाग्ने कर*** | | ***प्रतिष्ठान तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १११२१ | निकायको मुनाफामा लाग्ने कर– सरकारी संस्थान | १.१.०३.११ | नेपाल सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| ११११२२ | निकायको मुनाफामा लाग्ने कर– पब्लिक लिमिटेड कम्पनी | १.१.०३.१२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र नेपाल सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११११२३ | निकायको मुनाफामा लाग्ने कर –प्राइभेट लिमिटेड कम्पनी | १.१.०३.१३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन, २०५८ बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११११२४ | निकायको मुनाफामा लाग्ने कर – अन्य संस्था | १.१.०३.१९ | माथि उल्लिखित उपशीर्षक ११११२१ देखि ११११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ११११२५ | पूँजीगत लाभकर - निकाय | | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पूँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ । |
| ***१११३०*** | ***लगानीको आय तथा अन्य आयमा लाग्ने कर*** | | ***माथि उल्लिखित शीर्षक ११११ देखि १११२४ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| १११३१ | सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १.१.०३.५१ | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ति बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ । |
| १११३२ | ब्याजमा लाग्ने कर | १.१.०३.५२ | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । |
| १११३३ | लाभांशमा लाग्ने कर | १.१.०३.५४ | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । |
| १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | १.१.०३.५९ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| १११३५ | आकस्मिक लाभ कर | १.१.०३.६० | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ११११३६ | अन्य आयमा लाग्ने कर | १.१.०३.९० | माथि उल्लिखित शीर्षक नं. हरुमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| ***११२००*** | ***पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर*** | | ***यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***११२१०*** | ***पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर*** | | ***यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रुपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ । |
| ***११३००*** | ***सम्पत्ति कर*** | | ***सबै प्रकारको सम्पत्तिमा लाग्ने कर यसमा पर्दछ ।<br>यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***११३१०*** | ***अचल सम्पत्तिमा लाग्ने कर*** | | ***यसमा सबै प्रकारको अचल सम्पत्तिमा लाग्ने कर पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११३११ | वार्षिक सम्पत्ति कर | १.१.०४.४० | अचल सम्पत्तिमा बार्षिक रुपमा लाग्ने कर यसमा पर्दछ । |
| ***११३४०*** | ***वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर*** | | ***वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११३४१ | घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर | १.१.०४.३० | घर जग्गा रजिष्ट्रेशन दस्तुर वा चल अचल सम्पत्तिको रजिष्ट्रेशन दस्तुर यसमा पर्दछ । |
| ***११४००*** | ***वस्तु तथा सेवामा आधारित कर*** | | ***वस्तु तथा सेवाको उत्पादन, आयात, बिक्री, वितरण तथा हस्तान्तरण एवं अन्य कारोवारमा लाग्ने कर यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***११४१०*** | ***मूल्य अभिवृद्धि कर*** | | ***मूल्य अभिवृद्धि कर यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११४११ | मूल्य अभिबृद्धि कर- उत्पादन | १.१.०२.११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । |
| ११४१२ | मूल्य अभिबृद्धि कर- आयात | १.१.०२.१२ | आयातकर्ताले मालसामान पैठारी गर्दा भंसार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । |
| ११४१३ | मूल्य अभिबृद्धि कर- वस्तु बिक्री र वितरण | १.१.०२.१३ | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिबृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ । |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| ११४१४ | मूल्य अभिबृद्धि कर-परामर्श तथा ठेक्का | १.१.०२.१४ | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका ठेक्का कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| ११४१५ | मूल्य अभिबृद्धि कर-पर्यटन सेबा | १.१.०२.१५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (ऱ्याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका होटल कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| ११४१६ | मूल्य अभिबृद्धि कर-संचार, बीमा, हवाई उडान र अन्य सेवा | १.१.०२.१९ | सबै प्रकारका संचार सेवा (सरकारी हुलाक सेवा बाहेक), वीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका मनोरन्जन कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| ११४१७ | मूल्य अभिबृद्धि कर-वेदर्तावालाले संकलन गर्ने (रिभर्स चार्ज) | | |
| ***११४२०*** | ***अन्तःशुल्क*** | | ***विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११४२१ | सुर्तिजन्य पदार्थ | १.१.०२.२१<br>१.१.०२.२२ | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| ११४२२ | मदिरा | १.१.०२.२३ | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| ११४२३ | वियर | १.१.०२.२५ | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| ११४२४ | अन्य औद्योगिक उत्पादन | १.१.०२.२६ | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| ११४२५ | अन्तःशुल्क आयात | १.१.०२.२७ | नेपाल भित्र पैठारी हुने सामानमा भन्सार बिन्दुमै तोकिए बमोजिम लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ***११४४०*** | ***विशेष सेवामा लाग्ने कर*** | | ***तोकिएका विशेष सेवामा लाग्ने कर वापतको रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११४४१ | वैदेशिक रोजगार सेवा कर | १.१.०२.२८ | वैदेशिक रोजगारका लागि जनशक्ति आपूर्ति गर्दा लाग्ने सेवा कर यसमा पर्दछ । |
| ११४४२ | स्वास्थ सेवा कर | १.१.०२.२९ | नेपाल सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रंदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ । |
| ११४४३ | शिक्षा सेवा शुल्क-शैक्षिक संस्था | १.१.०२.३० | निजी शैक्षिक संस्थाहरुले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरुमा लाग्ने शिक्षा सेवा शुल्क यसमा पर्दछ । |
| ११४४४ | शिक्षा सेवा शुल्क- बैदेशिक अध्ययन | | बिदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले वुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क बापतको रकम यसमा पर्दछ । |
| ***११४५०*** | ***मालसामानको. उपयोग तथा उपयोगको अनुमतीमा लाग्ने कर*** | | ***सवारी साधनमा लाग्ने कर तथा तोकिएका मालसामान उपयोग तथा उपयोगको अनुमतीमा लाग्ने कर यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ११४५१ | सवारी साधन कर | १.१.०४.५० | तोकिएको सवारी साधनमा तोकिए बमोजिम लाग्ने कर यसमा पर्दछ । |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १.१.०५.४२<br>१.१.०५.४३ | लोकमार्ग तथा शहरी सडक एवं तोकिएका अन्य पूर्वाधार सेवाको उपयोग गरे वापत तोकिए बमोजिम लाग्ने कर यसमा पर्दछ । |
| ११४५३ | सडक मर्मत तथा सुधार दस्तुर | | |
| ११४५४ | सडक निर्माण तथा सम्भार दस्तुर | | |
| ***११५००*** | ***वैदेशिक व्यापारमा आधारित कर*** | | ***वैदेशिक व्यापारमा आधारित कर वापतको रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***११५१०*** | ***आयातमा लाग्ने भंसार महसुल*** | | ***आयातमा लाग्ने भंसार महसुल वापतको रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ११५११ | भंसार महसुल-आयात | १.१.०१.१० | नेपालमा आयात हुने मालवस्तुमा लाग्ने भंसार महसुल तथा थप महसुल यसमा पर्दछ। |
| ११५१२ | भारतीय अन्तःशुल्क फिर्ता | १.१.०१.३० | भारतबाट डी.आर.पी. फाराम अन्तर्गत नेपालभित्र आयात गरिने मालवस्तुमा भारत सरकारले असूल उपर गरी नेपाल सरकारलाई फिर्ता गर्ने भारतीय अन्तःशुल्क रकम यसमा पर्दछ। |
| ११५१३ | आयातमा लाग्ने स्थानीय विकास शुल्क | १.१.०५.९१ | तोकिए बमोजिम आयातमा लाग्ने स्थानीय विकास शुल्कको रकम यसमा पर्दछ। |
| ***११५२०*** | ***भंसार महसुल-निर्यात*** | | ***निर्यात गरिने मालवस्तुमा लाग्ने भंसार महसुल वापतको रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११५२१ | भंसार महसुल-निर्यात | १.१.०१.४० | नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा लाग्ने भंसार महसुल, छुट आम्दानी र सदर स्याहाको रकम यसमा पर्दछ। |
| ११५२२ | निर्यात सेवा शुल्क | १.१.०१.५० | नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा लाग्ने निकासी सेवा शुल्क, छुट आम्दानी र सदर स्याहाको रकम यसमा पर्दछ। |
| ***११५६०*** | ***वैदेशिक व्यापारमा आधारित अन्य कर*** | | ***माथि उल्लिखित शीर्षक ११५१० र ११५२० मा परेका बाहेक अन्य वैदेशिक व्यापारमा आधारित कर वापतको रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११५६१ | कृषि सुधार शुल्क | १.१.०१.७० | भारत तथा तेश्रो मुलुकबाट आयात गरिने कृषि उत्पादनसँग सम्बन्धित मालवस्तुमा लगाइएको कृषि सुधार शुल्क यसमा पर्दछ। |
| ११५६२ | भंसार सम्बन्धी अन्य आय | १.१.०१.६० | भंसार प्रशासनका सन्दर्भमा जफत गरिएको मालवस्तु लिलाम बिक्रीबाट प्राप्त रकम, डेमरेज (विलम्ब शुल्क), भंसार एजेन्टको इजाजत दस्तुर एवं इजाजत पत्र नवीकरण दस्तुर, वण्डेड वेयर हाउस सम्बन्धी इजाजत दस्तुर एवं सोको नवीकरण दस्तुर, भंसार सेवा शुल्क, प्रज्ञापनपत्र दस्तुर, र सो सम्बन्धी अन्य रकम यसमा पर्दछ। |
| ***११६००*** | ***अन्य कर*** | | ***माथि उल्लिखित करका आधारहरु बाहेक अन्य आधारहरु अनुसार लगाइने कर राजस्व यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***११६१०*** | ***व्यवसायहरुले भुक्तानि गर्ने*** | | ***माथि उल्लिखित करका आधारहरु बाहेक अन्य आधारहरु अनुसार व्यवसायहरुलाई लगाइने कर राजस्व यसमा  पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११६११ | कम्पनी रजिष्ट्रेशन दस्तुर | १.१.०५.१० | कम्पनी ऐन अन्तर्गत रजिष्ट्रेशन हुने कम्पनीको रजिष्ट्रेशन दस्तुर प्राइभेट साझेदारी तथा पब्लिक फर्म, कल कारखाना, उद्योगको रजिष्ट्रेशन दस्तुर, ट्रेडमार्क वापतको रकम सोको नवीकरण वापतको रकम यसमा पर्दछ। |
| ११६१२ | एजेन्सी रजिष्ट्रेशन दस्तुर | १.१.०५.२० | एजेन्सीको रजिष्ट्रेशन दस्तुर तथा नवीकरण दस्तुर यसमा पर्दछ। |
| ***११६२०*** | ***व्यवसाय बाहेक अन्यले भुक्तानि गर्ने*** | | ***माथि उल्लिखित करका आधारहरु बाहेक अन्य आधारहरुमा व्यवसाय बाहेक अन्यलाई लगाइने कर राजस्व यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ११६२१ | सवारी चालक अनुमति पत्रको इजाजतपत्र दस्तुर, सवारीको दर्ता किताव (ब्लू वुक) दस्तुर | १.१.०५.४१ | सवारी चालक अनुमति पत्रको इजाजतपत्र दस्तुर, सवारीको दर्ता किताव (ब्लू वुक) दस्तुर, हवाईजहाज चालक अनुमति पत्रको इजाजतपत्र दस्तुर, सवारी जांचपास दस्तुर र सो को नवीकरण दस्तुर यसमा पर्दछ। |
| ११६२२ | हातहतियारको इजाजत पत्र दस्तुर | १.१.०५.३० | बन्दुक, पिस्तौल आदि हातहतियारको रजिष्ट्रेशन दस्तुर, इजाजतपत्र दस्तुर, नवीकरण दस्तुर यसमा पर्दछ। |
| ***१३०००*** | ***अनुदान*** | | ***वैदेशिक सरकारबाट प्राप्त अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ***१३१००*** | ***द्विपक्षीय वैदेशिक अनुदान*** | | ***विदेशी सरकारबाट प्राप्त द्विपक्षीय अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ***१३११०*** | ***चालु अनुदान*** | | ***विदेशी सरकारबाट प्राप्त चालु अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १३१११ | चालु अनुदान | | विदेशी सरकारबाट प्राप्त चालु अनुदान यसमा पर्दछ। |
| ***१३१२०*** | ***पूँजीगत अनुदान*** | | ***विदेशी सरकारबाट प्राप्त पूँजीगत अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १३१२१ | पूँजीगत अनुदान | | विदेशी सरकारबाट प्राप्त पूँजीगत अनुदान यसमा पर्दछ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
| --- | --- | --- | --- |
| १३२०० | वहुपक्षीय वैदेशिक अनुदान | | अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त वहुपक्षीय अनुदान यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३२१० | चालु अनुदान | | अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त वहुपक्षीय चालु अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३२११ | चालु अनुदान | | विदेशी संस्थाहरुबाट प्राप्त वहुपक्षीय चालु अनुदान यसमा पर्दछ । |
| १३२२० | पूँजीगत अनुदान | | विदेशी संस्थाहरुबाट प्राप्त वहुपक्षीय पूँजीगत अनुदान यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३२२१ | पूँजीगत अनुदान | | विदेशी संस्थाहरुबाट प्राप्त वहुपक्षीय पूँजीगत अनुदान यस शीर्षकमा पर्दछ । |
| १३३०० | अन्य अनुदान | | अन्य अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३३१० | चालु अनुदान | | अन्य चालु अनुदान यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३३११ | चालु अनुदान | | १३१११ र १३२११ मा परेका बाहेक अन्य वदेशी संस्थाहरुबाट प्राप्त चालु अनुदान यस शीर्षकमा पर्दछ । |
| १३३२० | पूंजीगत अनुदान | | अन्य पूंजीगत अनुदान यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १३३२१ | पूंजीगत अनुदान | | १३१२१ र १३२२१ मा परेका बाहेक अन्य वदेशी संस्थाहरुबाट प्राप्त पूंजीगत अनुदान यस शीर्षकमा पर्दछ । |
| १४००० | अन्य राजस्व | | माथि उल्लिखित मूल शीर्षक नं. ११००० र १२००० अर्न्तगतका उपशीर्षकहरुमा परेका बाहेक अन्य राजस्व यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १४१०० | सम्पत्तिबाट प्राप्त आय | | सम्पतिबाट श्रृजित आय यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १४११० | ब्याज | | ऋण लगानीको ब्याज वापतको आय यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| १४१११ | वित्तीय निकायबाट प्राप्त ब्याज | १.१.०९.१० | बैंक तथा वित्तीय प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |
| १४११२ | ब्यापारिक निकायबाट प्राप्त ब्याज | १.१.०९.२० | ब्यापारिक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ । |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| १४११३ | औद्योगिक निकायबाट प्राप्त ब्याज | १.१.०९.३० | औद्योगिक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ। |
| १४११४ | सेवामूलक निकायबाट प्राप्त ब्याज | १.१.०९.४० | सेवामूलक प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ। |
| १४११५ | अन्य निकायबाट प्राप्त ब्याज | १.१.०९.५० | माथि नपरेका अन्य प्रतिष्ठानमा गरिएको ऋण लगानीबाट प्राप्त ब्याज रकम यसमा पर्दछ। |
| ***१४१२०*** | ***लाभांश*** | | ***शेयर लगानीबाट प्राप्त लाभांश वापतको रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | १.१.०८.१० | बैंक तथा वित्तीय प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ। |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | १.१.०८.२० | व्यापारिक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ। |
| १४१२३ | औद्यौगिक निकायबाट प्राप्त लाभांश | १.१.०८.३० | औद्योगिक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ। |
| १४१२४ | सेवामूलक निकायबाट प्राप्त लाभांश | १.१.०८.४० | सेवामूलक प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ। |
| १४१२५ | अन्य निकायबाट प्राप्त लाभांश | १.१.०८.५० | माथि नपरेका अन्य प्रतिष्ठानबाट प्राप्त लाभांश रकम यसमा पर्दछ। |
| ***१४१५०*** | ***भाडा र रोयल्टी*** | | ***सरकारी कार्यालयले संकलन गरेको भाडा र रोयल्टी वापतको रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| १४१५१ | सरकारी सम्पत्तिको वहाल तथा अन्य आय | १.१.०७.७० | सरकारी जग्गा, भवन तथा अन्य सम्पत्ति वहाल, कोठा तथा भोजनालय (रेष्टुराँ) वहाल, मेच, पाल, त्रिपाल, हवाईजहाज, वग्गी, वैण्डवाजा, इन्जिन, रोलर, वुलडोजर, ट्याक्टर समेतका सरकारी सम्पत्ति प्रयोग गरे वापत प्राप्त हुने भाडा तथा सेवा शुल्क रकमका साथै चलचित्र प्रदर्शन र बिक्री वितरण गर्ने इजाजतपत्र दस्तुर, विज्ञापन दस्तुर, अभिलेख (रेकर्ड) बिक्री, नेपाल सरकारको छापाखानाको छपाई दस्तुर, नेपाल राजपत्र एवं सरकारद्वारा प्रकाशित पुस्तक पुस्तिकाको बिक्री तथा लिलामबाट प्राप्त रकम यसमा पर्दछ। साथै मुद्रा तथा नापतौलको सामानः ढक, तराजु समेतको प्रमाणित दस्तुर, नवीकरण दस्तुर र टक्सारको अन्य आय, नक्सा प्रिन्ट बिक्री, दरखास्त फाराम तथा पाठ्यक्रम बिक्री, औषधि बिक्री तथा अन्य मालसामान बिक्रीबाट प्राप्त रकम समेत यसैमा पर्दछ। |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | १.१.१०.१३ | क्यासिनोबाट प्राप्त रोयल्टी रकम यसमा पर्दछ। |
| १४१५३ | खानी रोयल्टी | १.१.१०.११ | खानी खोद्ने अनुमतिपत्र दस्तूर, सर्वेक्षण दस्तूर, आयोजना (प्रोजेक्ट) लाई ढुङ्गा बिक्री गर्दा आएको रकम, खानीको रोयल्टी, खानीमा जाने गाडी तथा गाडी आवत जावतको इजाजतपत्र दस्तुर समेतको रकम यसमा पर्दछ। |
| १४१५४ | जलस्रोत क्षेत्रको आय तथा रोयल्टी | १.१.१०.१२ | जलस्रोत क्षेत्रबाट प्राप्त रोयल्टी, विद्युत् उत्पादन शुल्क, विद्युत उत्पादन इजाजत-पत्र दस्तुर र नवीकरण दस्तुर, विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमति पत्र दस्तुर तथा सो को नवीकरण दस्तुर, विद्युत बिक्री, आयोजना बिक्री, जलश्रोत सम्बन्धी सम्पुर्ण आय र सो सम्बन्धी दण्ड जरिवाना वापत प्राप्त रकम यसमा पर्दछ। |
| १४१५५ | वन तथा वन पैदावार बिक्री वापत प्राप्त आय तथा वन रोयल्टी | १.१.०७.५० | वन तथा वन पैदावार बिक्री वापत प्राप्त आय, लकडी लिलाम बिक्री, वन्यजन्तु सम्बन्धी आम्दानी, चरी चराई दस्तुर, वन्यजन्तु आरक्ष, निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क, चिडियाखाना प्रवेश शुल्क, वनस्पति सम्बन्धी अन्य आम्दानी, नहर वरिपरिको घाँस बिक्री र सो सम्बन्धी दण्ड, जरिवाना वापत प्राप्त रकम र वन क्षेत्रको रोयल्टी यसमा पर्दछ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
| --- | --- | --- | --- |
| १४१५६ | अन्य रोयल्टी | १.१.१०.१९ | माथि उल्लिखित शीर्षक नं १४१५२ देखि १४१५५ मा परेका बाहेक अन्य रोयल्टीको रकम यसमा पर्दछ । |
| ***१४२००*** | ***वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम*** | | ***वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***१४२१०*** | ***वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम*** | | ***वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १.१.०७.३० | भुरा माछा तथा खाने माछा बिक्री तथा लिलाम, पोखरी र खोलामा माछा मार्ने जाल हाल्ने दस्तुर, खोला-पोखरीमा माछा मार्ने ठेक्का, घाँस बिक्री, कुखुराको फुल तथा चल्ला बिक्री, सुंगुर तथा सुंगुरको वच्चा बिक्री, दूध, घ्यू तथा अन्य दुग्धजन्य पदार्थको बिक्री, फलफूल बिक्री, एण्टीरेविज भ्याक्सिन बिक्री, टोकरी प्याकिङ्ग दस्तुर, ऊन तथा हाडखुर बिक्री, फलफूल तथा फलफूलको वोट बिरुवा बिक्री, वीउ विजन तथा बेर्ना बिक्री, तरकारी तथा सागपात बिक्री, धान, मकै, गहुं तथा अन्य खाद्यान्न बिक्री, जाम-जेली, अचार, तितौरा बिक्री तथा त्यस्ता सामानको लिलाम सम्बन्धी बोलपत्र दस्तुरको रकम यसमा पर्दछ । |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | १.१.१०.२२ | टुटे फुटेका मेशिनरी सामान बिक्री, सवारी साधन लिलाम बिक्री, पुराना मालसामान बिक्री तथा अन्य सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १.१.१०.२३ | माथि उल्लिखित उपशीर्षक नं १४२११ र १४२१२ मा परेका बाहेक अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४२१४ | दूर संचार सेवा शुल्क | १.१.०५.९५ | दूर संचार सेवा शुल्क वापतको रकम यसमा पर्दछ । |
| १४२१५ | टेलिफोन स्वामित्व शुल्क | | टेलिफोन स्वामित्व बापतको रकम यसमा पर्दछ । |
| १४२१६ | निजी धारा वापतको शुल्क | १.१.०७.११ | निजी धारा राखे वापत लाग्ने शुल्क तथा महसुल, कालीगढ दस्तुर र सो सम्बन्धी दण्ड, जरिवाना समेतको रकम यसमा पर्दछ । |
| १४२१७ | नहर तथा कुलो उपयोग बापतको शुल्क | १.१.०७.१२ | जग्गा जमीनको सिंचाइको लागि नहर तथा कुलोको उपयोग गरे वापत तोकिए बमोजिम प्राप्त शुल्क यसमा पर्दछ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| १४२१८ | विद्युत सेवा शुल्क | १.१.०७.१३ | विद्युत सेवा उपभोग वापतको महसुल, थप दस्तुर, मिटर जाँच समेतको सेवा दस्तुर, कलेक्सन चार्ज, नामसारी एवं ठाउँसारी दस्तुर यसमा पर्दछ । |
| ***१४२२०*** | ***प्रशासनिक सेवा शुल्क*** | | ***प्रशासनिक सेवा वापतको शुल्क यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| १४२२१ | न्यायिक दस्तुर | १.१.०६.१० | कोर्ट फी, बक्सौनी, दशौंद, विशौंद नक्कल दस्तुर, समाव्हान् एवं इतलायनामा दस्तुर, सूद, लिफा दस्तुर, टिकट दस्तुर, पुनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, वकालत सम्बन्धी इजाजतपत्र दस्तुर र न्याय सम्बन्धी अन्य राजस्व आम्दानी यसमा पर्दछ । |
| १४२२२ | हुलाक सेवा शुल्क | १.१.०७.२० | हुलाक टिकट बिक्रीबाट प्राप्त रकम, हुलाक आदेशको कमिशन, वहिरङ्ग वस्तु वितरण, वैदेशिक पुलिन्दा महसुलबाट प्राप्त रकम र हुलाक सम्बन्धी अन्य आय यसमा पर्दछ । |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १.१.०७.४० | शिक्षण शुल्क (ट्यूशन फी), प्रवेश शुल्क, प्रवेशिका परीक्षा दस्तुर, लब्धाङ्क पत्र (मार्कसिट) तथा प्रमाणपत्र दस्तुर, सँग्रहालय (म्यूजियम) प्रवेश दस्तुर, पाठ्यक्रम, पुस्तक, पत्रिका समेतको बिक्रीबाट प्राप्त रकम र शिक्षा क्षेत्रको अन्य आम्दानी यसमा पर्दछ । |
| १४२२४ | परीक्षा शुल्क | १.१.०५.६० | लोक सेवा आयोग लगायत विभिन्न निकायले लिने परीक्षा दस्तुर, अन्तर्वार्ता दस्तुर, निवेदन तथा दरखास्त दस्तुर र पाठ्यक्रम बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ । |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | १.१.०७.६० | हवाइजहाज अवतरण दस्तुर, आश्रय दस्तुर, कुनै सडक राजमार्गमा आवत जावतको लागि इजाजत दिए वापत प्राप्त (रोड परमिट) रकम, जल तथा अन्य यातायातसँग सम्बन्धित आय र शुल्क यसमा पर्दछ । |
| १४२२६ | आयात निर्यात इजाजत पत्र दस्तुर | १.१.०५.५० | आयात निर्यात इजाजत पत्र दस्तुर वापत प्राप्त रकम यसमा पर्दछ । |
| १४२२७ | अन्य प्रशासनिक सेवा शुल्क | १.१.०५.९९ | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापतको रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट दस्तुर, ब्यबसायिक प्रमाण पत्र जारी तथा नवीकरण दस्तुर बापत प्राप्त रकम यसमा पर्दछ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***१४३००*** | ***विलम्ब दस्तुर जरिवाना र जफत*** | | ***विलम्ब दस्तुर र जरिवाना र जफत यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***१४३१०*** | ***विलम्ब दस्तुर जरिवाना र जफत*** | | ***विलम्ब दस्तुर र जरिवाना र जफत यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| १४३११ | अदालतको निर्णयबाट लिइएका शुल्क र दण्ड, जरिवाना एवं जफत | | अदालतको निर्णयबाट लिइएका दण्ड जरिवाना, जफत वापतको रकम यसमा जम्मा गर्नु पर्दछ । |
| १४३१२ | प्रशासनिक शुल्क, दण्ड जरिवाना र जफत | १.१.०६.२० | सबै प्रकारको ठेक्काको धरौटी (अर्नेष्ट मनी) जफत, निर्माण र अन्य कामको ठेक्का पट्टामा ठेकेदारहरुलाई गरिएको दण्ड जरिवाना, ठेकेदारहरुसँग बाँकी रहेको रकमको ब्याज र सम्बन्धित शीर्षकमा लेखिए बाहेक अन्य प्रशासनिक दण्ड जरिवाना र जफतबाट प्राप्त रकम यसमा पर्दछ । |
| ***१४४००*** | ***अनुदान वाहेकको स्वैच्छिक हस्तान्तरण*** | | ***सरकार तथा अन्तर्राष्ट्रिय संगठनहरु वाहेक अन्य श्रोतहरुवाट प्राप्त उपहार तथा स्वैच्छिक अनुदान (Donation) को रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| ***१४४१०*** | ***अनुदान वाहेकको स्वैच्छिक हस्तान्तरण*** | | ***व्यक्ति, निजी गैर सरकारी संस्थाहरु, गैर सरकारी प्रतिष्ठानहरु, संस्थानहरु एवं सरकार तथा अन्तर्राष्ट्रिय संगठनहरु वाहेक अन्य श्रोतहरुवाट प्राप्त उपहार तथा स्वैच्छिक अनुदान (Donation) को रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |
| १४४११ | चालु हस्तान्तरण | १.१.१२.१० | यसमा सरकारलाई राहत प्रयोजनका लागि प्राप्त हुने खाद्यान, लत्ता कपडा, औषधी जस्ता चालु प्रकृतिका सहयोग समावेश हुन्छन् । |
| १४४१२ | पूँजीगत हस्तान्तरण | | अस्पताल, विद्यालय, संग्रहालय, नाचघर तथा सांस्कृतिक केन्द्रहरु निर्माण वा खरीदको लागि प्राप्त भएको हस्तान्तरणका साथै उपहार स्वरुप प्राप्त घर वा जग्गा तथा अदृश्य सम्पत्तिहरु, जस्तैः एकाधिकार पत्र (Patent Right) वा प्रतिलिपी अधिकारको रकम यसमा पर्दछ । यदि कुनै हस्तान्तरण चालु वा पूंजिगत के हो भन्ने कुरा स्पष्ट नभएमा त्यस्तो हस्तान्तरणलाई चालु प्रकृतिमा वर्गिकरण गर्नु पर्दछ । |
| ***१४५००*** | ***विविध राजस्व*** | | ***विविध राजस्व यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***१४५१०*** | ***प्रशासनिक शुल्क - भ्रमण तथा पर्यटन*** | | ***भ्रमण तथा पर्यटन वापतको प्रशासनिक आय यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १४५११ | राहदानी शुल्क | १.१.०५.७० | राहदानी (पासपोर्ट) दस्तुर, सनाखत दस्तुर, राहदानी नवीकरण वापत प्राप्त रकम यसमा पर्दछ। |
| १४५१२ | भिसा शुल्क | १.१.०५.८१ | प्रवेशाज्ञा (भिसा), सोको म्याद थप, पुनः प्रवेशाज्ञा आदि वापत प्राप्त रकम यसमा पर्दछ। |
| १४५१३ | पर्वतारोहण र पदयात्रा स्वीकृति शुल्क | १.१.०५.८२ | पर्वतारोहण तथा पदयात्रा (ट्रेकिङ्ग) इजाजत दस्तुर वापत प्राप्त रकम यसमा पर्दछ। |
| १४५१४ | अन्य पर्यटकहरुलाई लाग्ने शुल्क | १.१.०५.८३ | पर्यटकले लिएर आएको हातहतियारको अस्थायी अनुमति (लाइसेन्स) दस्तुर, वृत्तचित्र खिच्ने दस्तुर,चलचित्र निर्माण र खिच्ने शुल्क वापत प्राप्त रकम यसमा पर्दछ। |
| ***१४५२०*** | ***अन्य राजस्व*** | | ***यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १४५२१ | प्रदूषण नियन्त्रण शुल्क | | |
| १४५२२ | अन्य राजस्व | १.१.१२.२० | माथिका सम्पूर्ण शीर्षक तथा उपशीर्षकहरुमा नपरेका अन्य रकमहरु यसमा पर्दछ। |
| ***१४५३०*** | ***पूँजीगत राजस्व*** | | ***पूँजीगत राजस्व यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १४५३१ | सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | १.१.१०.२१ | सरकारी घर, जग्गा, गुडवील र सरकारी प्रतिष्ठान बिक्रीबाट प्राप्त रकम यसमा पर्दछ। |
| ***१५०००*** | ***गत वर्षको नगद मौज्दात तथा बेरुजु*** | | ***गत वर्षको नगद मौज्दात रकम र बेरुजु सम्बन्धी रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| ***१५१००*** | ***गत वर्षको नगद मौज्दात तथा बेरुजु*** | | ***गत वर्षको नगद मौज्दात रकम र बेरुजु सम्बन्धी रकम यस शीर्षकमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।*** |
| १५११० | गत वर्षको नगद मौज्दात तथा बेरुजू | | गत वर्षको नगद मौज्दात रकम र बेरुजु सम्बन्धी रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| १५१११ | गत वर्षको नगद बांकी मौज्दात | | गत वर्षको नगद मौज्दात यस शीर्षकमा दाखिला गर्नु पर्दछ। |
| १५११२ | बेरुजु | १.१.१३.१० | राजस्व बाहेकको बेरुजु रकम यसमा दाखिला गर्नु पर्दछ। राजस्व सम्बन्धी बेरुजु सम्बन्धित राजस्व उपशीर्षकमा नै दाखिला गर्नु पर्दछ। |

*नोटः*

*१. दण्ड, जरिवाना, शुल्क र व्याज कुन राजस्व शीर्षक अन्तर्गत लागेको हो सोही शीर्षकमा नै आम्दानी जनाउनु पर्दछ ।*

*२. संकेत नं. को अन्तमा शून्य भएका शीर्षकमा रकम जम्मा गर्न मिल्दैन । जस्तैः ११९००, १२२२० आदि*

## खर्च तथा वित्तीय व्यवस्था

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| *२००००* | *खर्च* | | |
| *२१०००* | *पारिश्रमिक/सुविधा* | | *पदाधिकारी तथा कर्मचारीहरुलाई कुनै लेखा अवधिमा कार्य सम्पादन गरे वापत प्रदान गरिने कूल पारिश्रमिकलाई लिइन्छ । यसमा पूँजी निर्माणको सिलसिलामा गरेको कार्यको पारिश्रमिक भने समावेश गरिदैन ।* |
| *२११००* | *पारिश्रमिक/सुविधा* | | *यसमा पदाधिकारी तथा कर्मचारीहरुलाई प्रदान गरिने सवै किसिमका पारिश्रमिक सम्बन्धी खर्चहरु पर्दछन् । यसमा नगद वा जिन्सी दुवै प्रकारका भुक्तानीहरु समावेश गरिन्छ ।* |
| *२१११०* | *नगदमा दिइने पारिश्रमिक र सुविधा* | | *यसमा पदाधिकारी तथा कर्मचारीहरुले सेवा प्रदान गरे वापत प्राप्त गर्ने तलव, सबै प्रकारका भत्ता, संचयकोष थप, पेन्सन थप, बीमा थप, आदि रकम समावेश गरिन्छ ।* |
| २११११ | तलव | १.०१ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) पदाधिकारी तथा कर्मचारीहरुले सेवा गरे वापत पाउने तलव, कर्मचारी संचय कोष थप, पेन्सनमा थप, वार्षिक ग्रेड वृद्धि, बीमा वापतको थप तथा प्रोत्साहित पुरस्कार सम्बन्धी खर्च ।<br>(ख) आयोजना अवधिभरको लागि वा स्वीकृत अस्थायी पदमा नियुक्ती भई काम गरे वापतको ज्याला, मेहनताना र पारिश्रमिक खर्च ।<br>(ग) बहालवाला कर्मचारीहरुको संचित घर विदा, विरामी विदा, सट्टा विदा र चाडपर्व खर्च वापतको रकम । |
| २१११२ | स्थानीय भत्ता | १.०२ | यसमा तोकिएको दुर्गम क्षेत्रमा काम गरे बापत पाउने स्थानीय भत्ताको रकम समावेश हुन्छ । |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| २१११३ | महंगी भत्ता | १.०२ | नेपाल सरकारको निर्णयानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई प्रदान गरिने महंगी भत्ताको खर्च यसमा समावेश गरिन्छ । |
| २१११४ | फिल्ड भत्ता | १.०२ | नेपाल सरकारको निर्णयानुसार कर्मचारीहरुलाई प्रदान गरिने फिल्ड भत्ताको खर्च यसमा समावेश हुन्छ । |
| २१११९ | अन्य भत्ता | १.०२ | यसमा नेपाल सरकारले नियमानुसार तोकेका स्थानीय भत्ता बाहेकका अन्य सबै प्रकारका भत्ताहरु जस्तो: वैठक भत्ता, वैदेशिक भत्ता, सुत्केरी भत्ता, अतिरिक्त समय भत्ता, साथै दशैं तिहार जस्ता पर्वहरुमा खटाइएका कार्यालय सहयोगीलाई दिइने भत्ता समेत यसमा समावेश गरिन्छ । |
| ***२११२०*** | ***जिन्सी वा जिन्सी वापत दिइने पारिश्रमिक र सुविधा*** | | ***यसमा पदाधिकारी तथा कर्मचारीहरुले सेवा प्रदान गरे वापत जिन्सीमा प्राप्त गर्ने वा जिन्सी वापत दिइने पारिश्रमिक र सुविधाको रकम समावेश गरिन्छ ।*** |
| २११२१ | पोशाक | १.०४ | यसमा पदाधिकारी तथा कर्मचारीहरु (जस्तै प्रहरी, सैनिक, अस्पतालका कर्मचारी, हुलाकी, अन्य सरकारी कर्मचारी) को लागि दिइने पोशाक, बुट, जुत्ता, टोपी, आदि तथा हिमाली क्षेत्रमा रहँदा नियमानुसार पाउने लुगा भत्ता आदिको खर्च समावेश गरिन्छ । |
| २११२२ | खाद्यान्न | १.०५ | यसमा पदाधिकारी तथा कर्मचारीहरु (जस्तै प्रहरी, सैनिक र अन्य सरकारी कर्मचारी) लाई नियमानुसार उपलब्ध गराउने खाद्य पदार्थको मूल्य र रसद वापत नगदमा दिइने खर्च समावेश गरिन्छ । |
| २११२३ | औषधी उपचार खर्च | १.०६ | यसमा पदाधिकारी तथा कर्मचारीहरुलाई उपलब्ध गराउने स्वास्थ्य बीमाको शुल्क, औषधि उपचार वापत दिइने खर्च तथा सोको लागि लाग्ने यातायात खर्च र कुरुवा खर्च लगायतका अन्य खर्च समेत समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२२००० *** | ***मालसामान तथा सेवाको उपयोग*** | | ***यसमा सरकारी कार्यालयहरुलाई आवश्यक पर्ने सेवा र सम्पत्तिहरु वहालमा लिंदाको भाडा खर्च र पूंजी निर्माणसंग सम्वन्ध नभएको बिक्री वा अन्य प्रयोजनका लागि उत्पादन गरिने मालसामान तथा सेवाहरुको खर्च समावेश गरिन्छ । यसमा बिक्रीका लागि खरीद गरिने मालसामानको लागत पनि समावेश गरिन्छ ।*** |
| ***२२१००*** | ***सेवा महसुल तथा भाडा*** | | ***यसमा सरकारी कार्यालयहरुलाई आवश्यक पर्ने सेवा र सम्पत्तिहरु वहालमा लिंदाको भाडा खर्च पर्दछ ।*** |
| ***२२११०*** | ***सेवा महसुल*** | | ***यसमा कार्यालयमा उपयोग हुने पानी, धारा, बिजुली र संचार सेवाको महसुल तथा त्यस सम्बन्धी सुविधाको खर्च समावेश गरिन्छ ।*** |
| २२१११ | पानी तथा विजूली | २.०१ | यसमा कार्यालयमा उपयोग हुने पानी तथा धारा, बिजुली एवं ढल उपभोग गरे वापतको महसुल र तत्सम्बन्धी जडान खर्च समेत समावेश गरिन्छ । |
| २२११२ | संचार महसूल | २.०२ | यसमा टेलिफोन, टेलिग्राम, ट्रंकल, टेलेक्स, इन्टरनेटको महसुल खर्च, वेवसाइट वापतको खर्च, फ्याक्स प्रयोग गरे वापत तिर्नुपर्ने महसुल र यस्तै अन्य संचार सम्बन्धी खर्चहरु तथा यस सम्बन्धी सुविधा प्रदान गर्दा लाग्ने खर्चको साथै चिट्ठी, पार्सल टिकट खर्च, रजिष्ट्री, फिर्ती रसिदको खर्च, कुरियर खर्च समावेश गरिन्छ । |
| ***२२१२०*** | ***भाडा*** | | ***यसमा सरकारी प्रयोजनको लागि भाडामा लिइएको भवन, गोदाम जस्ता पूँजीगत सम्पत्तिको भाडा खर्च समावेश गरिन्छ ।*** |
| २२१२१ | घर भाडा | २.०४ | यसमा सरकारी कार्यालयको लागि भाडामा लिइएको घर, गोदामको भाडा तथा त्यस्तो सम्पत्तिले चर्चेको जग्गा भाडामा लिई प्रयोग गरे वापतको भाडा खर्च समावेश गरिन्छ । तर सार्वजनिक निर्माण कार्यका लागि लिइएको भाडाको रकम भने सम्बन्धित पूँजीगत खर्चमा र जग्गाको भाडा संकेत नं. २८१११ मा समावेश गरिन्छ । |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| २२१२२ | अन्य भाडा | | यसमा सरकारी प्रयोजनको लागि सवारी साधन, मेशीनरी औजार लगायत अन्य पूँजीगत सम्पत्ति भाडामा लिई प्रयोग गरे वापतको भाडा खर्च पर्दछ। तर सार्वजनिक निर्माण कार्यका लागि लिइएको भाडाको रकम भने सम्बन्धित पूँजीगत खर्च रकममै समावेश गरिन्छ। |
| ***२२२००*** | ***पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च*** | | ***यसमा सरकारी पूँजीगत सम्पत्तिहरु जस्तैः मेसिनरी औजार र सरकारी कामको सिलसिलामा प्रयोग हुने सवारी साधनको लागि आवश्यक पर्ने चालु खर्चहरु समावेश गरिन्छ।*** |
| ***२२२१०*** | ***पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च*** | | ***यस अन्तरगत सरकारी कामको सिलसिलामा प्रयोग गरिने सवारी साधनको लागि आवश्यक इन्धन, लुब्रिकेन्ट्स, आदि तथा त्यस्ता सवारी साधनको नियमित रुपमा मर्मत सम्भार गर्दा लाग्ने खर्च समावेश गरिन्छ।*** |
| २२२११ | इन्धन | २.०६ | यसमा सरकारी काममा प्रयोग हुने सवारीको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ। तर लगत इष्टिमेटमा परेको निर्माण सामग्री ओसार्ने सवारी साधनमा प्रयोग भएको इन्धन खर्च सम्बन्धित बजेट रकममा नै समावेश गरिन्छ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
| --- | --- | --- | --- |
| २२२१२ | संचालन तथा मर्मत संभार | २.०५ | नियमित रुपमा कार्यालय प्रयोगमा रहेका तथा मेशीनरी उपकरण जस्ता पूँजीगत सामानहरुको मर्मत सम्भार गर्न चाहिने सामान र ज्याला खर्चहरु समावेश गरिन्छ। तर मेशीनरीको आयु वृद्धि हुने गरी फेरिएको पार्टपूर्जाको खर्च पूँजीगत खर्चको सम्बन्धित खर्च शीर्षकमा समावेश गर्नुपर्दछ र सामान्यतया नियमित रुपमा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको मर्मत सम्भार गर्न चाहिने व्याट्री लगायतका सामानहरु र ज्याला खर्चहरु यसमा समावेश गर्न पर्दछ। तर सवारी साधनको आयु वृद्धि हुने गरी फेरिएको पार्टपूर्जाको खर्च पूँजीगत खर्चको सम्बन्धित खर्च शीर्षकमा नै समावेश गर्नुपर्दछ । |
| २२२१३ | बीमा | | यसमा निर्माण भई सकेका सार्वजनिक सम्पत्ति, जस्तैः सडक, पुल, नहर, विद्युत गृह, भवन तथा मेशीनरी उपकरण आदिको बीमा खर्च र सवारी साधनको बीमा तथा तेश्रो पक्षको दायित्व बीमा गर्दा लागेको बीमाशुल्क सम्बन्धी खर्च समावेश गरिन्छ। तर निर्माण अवधिको बीमा खर्च भने पूँजीगत खर्चको सम्वन्धित वजेट खर्च शीर्षकमा समावेश गर्नुपर्दछ। |
| ***२२३००*** | ***कार्यालय सामान तथा सेवाहरु*** | | ***यसमा कार्यालय सामान तथा सेवाहरुको साथै पुस्तक एवं सामग्रीहरुको खरीद लागत समावेश गरिन्छ।*** |
| ***२२३१०*** | ***कार्यालय सामान तथा सेवाहरु*** | | ***यसमा कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने सामानहरुको मोल, सेवा सम्बन्धी खर्च तथा पुस्तक एवं सामग्रीहरुको खरीद खर्च समावेश गरिन्छ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २२३११ | कार्यालय सम्बन्धी खर्च | २.०३ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) सरकारी सूचना, लिलाम, ठेक्का पट्टा, घटाघट, बढाबढ सम्बन्धी सूचना प्रकाशनको खर्च ।<br>(ख) बैंक दस्तूर, क्षतिपूर्ति र अन्य यस्तै सेवा खर्च ।<br>(ग) कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फाराम, रेकर्ड फाइल, स्टेपलर, पन्चिङ्ग मेशीन जस्ता मेशीन र यिनका लागि चाहिने आवश्यक अन्य सामानहरु एवं कलम, मसी, शिशाकलम आदि जस्ता कार्यालय सम्बन्धी मसलन्द सामानहरुको मोल ।<br>(घ) एक वर्षभन्दा कम टिकाउ हुने अरु कार्यालय मालसामानहरु र सुरक्षाका मेशीनरी औजारका लागि आवश्यक ससाना सहयोगी सामग्री आदि, एक वर्ष भन्दा बढी टिकाउ हुने सामान जस्तै पर्दा जस्ता वस्तुहरु तर प्रति इकाइ रु दुई हजार भन्दा कम मूल्यका अरु कार्यालय मालसामानहरुको खर्च ।<br>(ङ) कार्यालयका लागि आवश्यक छपाईको खर्च ।<br>(च) पत्रपत्रिका तथा पुस्तक सम्बन्धी खर्च ।<br>(छ) सरकारी प्रयोगका सामानको ढुवानी खर्च । |
| २२३१२ | पशुपंक्षीहरुको आहार | १.०५ | यसमा पशुपंक्षीहरुको आहार सम्बन्धी खर्च समावेश गरिन्छ । |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ४.०३ | यसमा सार्वजनिक विद्यालयले निशुल्क रुपमा विद्यार्थीहरुलाई वितरण गर्ने पुस्तक, खेलकूद एवं शैक्षिक सामग्री तथा सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरीद गरिएका पुस्तकको खर्च समावेश गरिन्छ । |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २.०६ | यसमा प्रशासकीय कार्यमा प्रयोग हुने मट्टितेल, ग्यास, कोइला, दाउरा अन्य इन्धन खर्च र सबै प्रकारका व्याट्रीहरु सम्बन्धी खर्च समावेश गरिन्छ । तर सवारी साधनको लागि आवश्यक पर्ने व्याट्री सम्बन्धी खर्च खर्च संकेत नं. २२२१२ मा समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
| --- | --- | --- | --- |
| ***२२३२०*** | ***निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च*** | | ***यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्तिहरुको नियमित मर्मत सम्भार खर्च समावेश गरिन्छ ।*** |
| २२३२१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४.०६ | यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्ति जस्तै सडक, पुल, नहर, विद्युत गृह, भवन आदिको नियमित मर्मत सम्भार र रंगरोगन खर्च समावेश गरिन्छ । |
| ***२२४००*** | ***सेवा तथा परामर्श खर्च*** | | ***यसमा सेवा तथा परामर्श प्राप्त गर्नको लागि भुक्तानी गरिने शुल्क वा सेवा शुल्क सम्बन्धी खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२२४१०*** | ***परामर्श तथा अन्य सेवा शुल्क*** | | ***यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने परामर्श तथा अन्य सेवाहरु प्राप्त वा खरीद गर्नको लागि भुक्तानी गरिने शुल्क तथा सेवा शुल्क सम्बन्धी खर्चहरु समावेश गरिन्छ ।*** |
| २२४११ | सेवा र परामर्श खर्च | २.०७ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) पूंजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्धित नभएका अध्ययन अनुसन्धान गराए वापतको खर्च, विशेषज्ञ, सल्लाहकार आदिको पारिश्रमिक ।<br>(ख) सफ्टवेयरको नवीकरण तथा अन्य सेवा शुल्क सम्बन्धी खर्च । |
| २२४१२ | अन्य सेवा शुल्क | | यसमा कार्यालय सुरक्षा गर्ने, सरसफाइ गर्ने, बगैंचा संभार गर्ने, कार्यालयको चिठ्ठी ओसारपसार गर्ने, कृषि प्रसार, प्राथमिक स्वास्थ्य सेवाको सुविधा, सवारी चलाउने, टेलिफोन, फ्याक्स, कम्प्यूटर, फोटोकपी मेशीन जस्ता सामानहरुको सञ्चालन र सम्भार आदि कार्यको सेवा करारमा वा पटके रुपमा प्राप्त गरे वापत दिइने सेवा शुल्क समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२२५००*** | ***कार्यक्रम सम्बन्धी खर्चहरु*** | | ***यसमा कच्चा पदार्थ तथा अन्य मालसामानमा श्रम तथा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत प्रत्यक्ष रुपमा समावेश भई सामानहरु उत्पादन गर्दा लाग्ने सवै प्रकारका लागतहरु तथा सार्वजनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने तालिम संचालन खर्च, चेतनामूलक सूचना तथा विज्ञापन खर्च एवं सेवाग्राही वर्गलाई सेवा दिँदा लाग्ने स्रोत व्यक्तिको भत्ता खर्च समावेश गरिन्छ ।*** |
| ***२२५१०*** | ***तालिम तथा गोष्ठी*** | | ***यसमा सरकारको तर्फबाट कर्मचारी तथा कर्मचारी बाहेकका अन्य व्यक्तिहरुलाई प्रदान गरिने तालिम तथा संचालन हुने गोष्ठी एवं कार्यशाला सम्बन्धी खर्चहरु समावेश गरिन्छ ।*** |
| २२५११ | कर्मचारी तालिम | १.०८ | यसमा सरकारी कर्मचारीको वृत्ति विकास तथा क्षमता वृद्धिका लागि दिइने तालिम, गोष्ठी, कार्यशाला संचालन वापतको खर्च तथा दैनिक भ्रमण भत्ताको खर्च समेत समावेश गरिन्छ । |
| २२५१२ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४.०४ | यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तीकरण, सार्वजनिक चेतना जागरण जस्ता तालिम संचालनको खर्च जस्तै प्रशिक्षक, श्रोत व्यक्तिको भत्ता, सहभागीको भत्ता, मसलन्द, खाजा खर्च, हल भाडा तथा तालीमका सहभागीको स्वीकृत नर्मस् अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ । |
| ***२२५२०*** | ***उत्पादन सामाग्री /सेवा तथा अन्य कार्यक्रम सम्बन्धी खर्च*** | | ***बिक्री वितरण गरिने उत्पादन सामग्रीको कच्चा पदार्थ, अन्य मालसामान तथा उत्पादनसंग सम्बन्धित अन्य खर्चका साथै कुनै वजेट रकमहरुमा नपरेका कार्यक्रम खर्चहरु यसमा समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २२५२१ | उत्पादन सामाग्री/सेवा | ४.०१ | कच्चा पदार्थ तथा अन्य मालसामान आदि खरीद गरी त्यसमा श्रम तथा प्रत्यक्ष रुपमा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत गरी उत्पादन वा प्राप्त हुने सामान पछि नगदमा बिक्री वितरण हुने अवस्थामा त्यस्तो सामान उत्पादन गर्दा लागेको कच्चा पदार्थ तथा अन्य मालसमानको मोल र उत्पादनसंग सम्बन्धित अन्य खर्च यसमा समावेश गरिन्छ। जस्तैः हुलाक टिकट, पोष्ट कार्ड, घरेलु सामानहरु, कीटनाशक औषधि, कृषि अन्तर्गतका दोपाया, चौपाया, मत्स्य पालन, च्याउ खेती, अन्य कृषि सम्बन्धी उत्पादन, नापी कार्य अन्तर्गत नक्सा तयारी, कानूनी किताव, सामानको पुनः उत्पादन, विभिन्न दृश्य तथा राष्ट्रिय सम्पदाका पोष्ट कार्ड, परिचय-पुस्तिका (ब्रोसियर) आदिको खर्च, साथै नश्ल सुधारका लागि खरीद गरिएका दोपाया चौपायाको मोल, अस्पतालमा प्रयोग हुने एक वर्ष भन्दा कम अवधि टिकाउ हुने प्रकृतिका सामानहरुको खर्च र यस्ता सामानहरुको ढुवानी गर्दा लाग्ने यातायात तथा ढुवानी सम्बन्धी खर्च आदि यसमा समावेश गरिन्छ। तर पूँजीगतसामान खरीद गरी कार्यालयसम्म पुर्‍याउंदा लागेको खर्च सम्बन्धित सामानकै मूल्यमा जोडी जिन्सी कितावमा मोल कायम गर्नु पर्नेछ। बिक्री वितरणको उद्देश्यले उत्पादन गरिने विउ विजन, विरुवाको खर्च यस शीर्षकमा पर्दछ तर बृक्षारोपण गर्नको लागि गरिने पूँजीगत खर्च यसमा समावेश गरिदैन। |
| २२५२२ | अन्य कार्यक्रम खर्च | ४.०४ | यसमा अन्य कुनै खर्च शीर्षकहरुमा नपरेका कार्यक्रम खर्चहरु, जस्तैः मेला आयोजना, श्रव्यदृष्य कार्यक्रम, धार्मिक संस्थाहरुको पूजा पाठ, यज्ञ, जप, आदि कामको लागि लाग्ने सबै प्रकारका खर्चहरु समावेश गरिन्छ। |
| ***२२५३०*** | ***औषधि खर्च*** | | ***यसमा औषधि खरीद सम्बन्धी खर्च समावेश गरिन्छ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २२५३१ | औषधी खरीद | ४.०२ | यसमा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, आदि जस्ता निकायबाट प्रदान गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधि खरीद र सोको ढुवानी सम्बन्धी खर्च समावेश गरिन्छ। |
| *२२६००* | *अनुगमन, मूल्यांकन र भ्रमण खर्च* | | *यसमा अनुगमन तथा मूल्यांकन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, नेता भत्ता, विदेश जाँदाको लुगा भत्ता, फुटकर तथा भैपरी आउने खर्चहरु समावेश गरिन्छ।* |
| *२२६१०* | *अनुगमन, मूल्यांकन र भ्रमण खर्च* | | *यसमा अनुगमन तथा मूल्यांकन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, नेता भत्ता, विदेश जाँदाको लुगा भत्ता, फुटकर तथा भैपरी आउने खर्चहरु समावेश गरिन्छ।* |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | ४.०५ | यसमा अनुगमन तथा मूल्यांकन कार्य, तत्सम्बन्धी प्रतिवेदन तथा निरीक्षणको लागि हुने खर्चहरु समावेश गरिन्छ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | १.०३ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको वा दरवन्दी यथास्थानमा राखी काज सरुवा भएको कर्मचारी र निजले नियमानुसार लैजान पाउने परिवारको भ्रमण खर्च निर्धारित दरमा सवारी खर्च र पैदल हिंडे वापत पाउने भ्रमण खर्च। जस्तै यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बीमा खर्च र नेपाल सरकारबाट स्वीकृत भ्रमण सम्बन्धी फुटकर खर्चहरु ।<br>(ख) सरुवा भई जाने कर्मचारी र निजको परिवारले नियमानुसार पाउने दैनिक भत्ता ।<br>(ग) सरकारी काम वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, नेता भत्ता, विदेश जाँदाको लुगा भत्ता, बीमा खर्च, फुटकर तथा भैपरी आउने खर्चहरु । |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ४.०५ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको लागि हुने यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बीमा खर्च, दैनिक भत्ता, वासस्थान, विदेश जाँदाको लुगा भत्ता, फुटकर तथा भैपरी आउने खर्चहरु यसमा समावेश गरिन्छ । |
| २२६१४ | अन्य भ्रमण खर्च | ४.०५ | नेपाल सरकार वादी हुने मुद्दामा सरकारी पक्षमा साक्षीको रुपमा झिकाइएको व्यक्तिको भ्रमण सम्बन्धी खर्च यसमा समावेश गरिन्छ । |
| ***२२७००*** | ***विविध खर्च*** | | ***यसमा विभिन्न किसिमका विविध खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२२७१०*** | ***विविध खर्च*** | | ***यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने विभिन्न किसिमका विविध खर्चहरु समावेश गरिन्छ ।*** |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| २२७११ | विविध खर्च | २.०८ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च ।<br>(ख) सुरक्षा सम्बन्धी आवश्यक खर्च ।<br>(ग) प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च ।<br>(घ) अन्य कुनै खर्च शीर्षकमा नपरेको विविध खर्च । |
| ***२२९००*** | ***भैपरी आउने चालु खर्च*** | | ***यो शीर्षक चालु खर्चको बजेट एकमुष्ट रुपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र व्यवस्था गरिएको हो ।*** |
| ***२२९१०*** | ***भैपरी आउने चालु खर्च*** | | ***चालु खर्चको बजेट तर्जुमा गर्ने सिलसिलामा खर्चका रकमहरु यकिन गरी बजेट विनियोजन गर्न सम्भव नभएको स्थितिमा खर्च गर्नु अघि सम्बन्धित वजेट रकमहरुमा वजेट बाँडफाँड गर्ने शर्तमा वजेट प्रस्ताव गर्ने प्रयोजनको लागि मात्र व्यवस्था गरिएको हो ।*** |
| २२९११ | भैपरी आउने चालु खर्च | ९.०१ | चालु खर्च बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षकमा तोक्न सम्भव नभएका रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यस खर्च शीर्षकमा प्रस्ताव गर्न सकिनेछ । तर खर्च गर्दा बाँडफाँड गरी सम्बन्धित खर्च शीर्षक अन्तर्गत नै समावेश गरी खर्च गर्नुपर्दछ। यो खर्च शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी, निकासा र खर्च लेख्न मिल्दैन । |
| ***२४०००*** | ***व्याज, सेवा शुल्क तथा वैंक कमिशन*** | | ***नेपाल सरकारले कुनै वित्तीय सम्पत्ति वा कुनै दृश्य तथा अनुत्पादित सम्पत्तिको प्रयोग वापत भुक्तानी गर्नुपर्ने व्याज खर्च यसमा समावेश गरिन्छ ।*** |
| ***२४१००*** | ***वैदेशिक ऋणको व्याज*** | | ***यसमा बैदेशिक ऋणको व्याज तथा सेवा शुल्क सम्बन्धी खर्च समावेश गरिन्छ ।*** |
| ***२४११०*** | ***वैदेशिक ऋणको व्याज*** | | ***यसमा नेपाल सरकारले लिएको वैदेशिक ऋणको व्याज तथा सेवा शुल्क सम्बन्धी खर्च समावेश गरिन्छ ।*** |
| २४१११ | वैदेशिक ऋणको व्याज | ११.०२ | यसमा नेपाल सरकारले लिएको वैदेशिक ऋणको व्याज तथा सेवा शुल्क भुक्तानी सम्बन्धी खर्च समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२४२००*** | ***आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा वैंक कमिशन*** | | ***यसमा नेपाल सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज, सेवा शुल्क र वैंक कमिशन समावेश गरिन्छ।*** |
| ***२४२१०*** | ***आन्तरिक ऋणको व्याज र सेवा शुल्क*** | | ***यसमा नेपाल सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज खर्च र सेवा शुल्क समावेश गरिन्छ।*** |
| २४२११ | आन्तरिक ऋणको व्याज | ११.०१ | यसमा नेपाल सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज वापतको खर्च समावेश गरिन्छ। |
| २४२१२ | आन्तरिक ऋणको सेवा शुल्क तथा वैंक कमिसन | | यसमा नेपाल सरकारले आन्तरिक ऋण तथा सापटी लिदा केन्द्रीय बैंकलाई तिर्नु पर्ने सेवा शुल्क र सरकारी कारोवार गरे बापत बाणिज्य बैंकहरुलाई दिनु पर्ने कमिसन बापतको रकम समावेश गरिन्छ। |
| ***२५०००*** | ***सहायता (Subsidies)*** | | ***यसमा नेपाल सरकारद्वारा सार्वजनिक संस्थान र अन्य संस्थाहरुलाई प्रदान गरिने चालु प्रकृतिका सहायता समावेश गरिन्छ।*** |
| ***२५१००*** | ***सार्वजनिक संस्थानहरुलाई सहायता*** | | ***यसमा नेपाल सरकारद्वारा सार्वजनिक संस्थानहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ।*** |
| ***२५११०*** | ***गैर वित्तीय सार्वजनिक संस्थानहरुलाई सहायता*** | | ***यस अन्तरगत सरकारका तर्फबाट गैत्र वित्तीय सार्वजनिक संस्थानहरुलाई दिइने चालु प्रकृतिको सहायतालाई जनाउंदछ।*** |
| २५१११ | गैर वित्तीय संस्थान चालु सहायता | ३.०१ | यसमा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका गैत्र वित्तीय सार्वजनिक संस्थानहरुलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च पर्दछन्। |
| २५११२ | गैर वित्तीय संस्थान पुजिगत सहायता | ८.०१ | यसमा नेपाल सरकारले गैर वित्तीय सार्वजनिक संस्थानलाई पुजिगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायताको रकम पर्दछ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२५१२०*** | ***वित्तीय संस्थानहरुलाई सहायता*** | | ***यसमा नेपाल सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानहरुलाई दिइने चालु प्रकृतिको सहायता समावेश गरिन्छ ।*** |
| २५१२१ | वित्तीय संस्थान चालु सहायता | ३.०१ | यसमा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका वित्तीय सार्वजनिक संस्थानहरुलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च समावेश गरिन्छ । |
| २५१२२ | वित्तीय संस्थान पूँजीगत सहायता | ८.०१ | यसमा नेपाल सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानलाई पूँजीगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायताको रकम समावेश गरिन्छ । |
| ***२५२००*** | ***व्यवसायहरुलाई सहायता*** | | ***यसमा नेपल सरकारद्वारा निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ ।*** |
| ***२५२१०*** | ***गैर वित्तीय व्यवसायहरुलाई सहायता*** | | ***यस अन्तरगत सरकारले गैर वित्तीय निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायतालाई जनाउंदछ ।*** |
| २५२११ | गैर वित्तीय व्यवसाय चालु सहायता | ३.०१ | यसमा नेपाल सरकारद्वारा गैर वित्तीय निजी व्यवसायहरुलाई संचालन अनुदानको रुपमा प्रदान गरिने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च समावेश गरिन्छ । |
| २५२१२ | गैर वित्तीय व्यवसायलाई पूँजीगत सहायता | ८.०३ | यसमा नेपाल सरकारले गैर वित्तीय निजी व्यवसायलाई पूँजीगत सम्पत्तिको खरीद वा निर्माण सम्बन्धी खर्चहरुको लागि दिने सहायता रकम समावेश गरिन्छ । |
| ***२५२२०*** | ***वित्तीय व्यवसायहरुलाई सहायता*** | | ***यसमा नेपाल सरकारद्वारा वित्तीय निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ ।*** |
| २५२२१ | वित्तीय व्यवसायहरुलाई चालु सहायता | ३.०१ | यसमा नेपाल सरकारद्वारा वित्तीय निजी व्यवसायहरुलाई संचालन अनुदानको रुपमा प्रदान गरिने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च समावेश गरिन्छ । |
| २५२२२ | वित्तीय व्यवसायहरुलाई पूँजीगत सहायता | ८.०१ | यसमा नेपाल सरकारले वित्तीय निजी व्यवसायलाई पूँजीजगत सम्पत्तिको खरीद वा निर्माण सम्बन्धी खर्चहरुको लागि दिइने सहायता समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२६000*** | ***अनुदान (Grants)*** | | ***यसमा एक सरकारी इकाइबाट अर्को सरकारी इकाई वा अन्तराष्ट्रिय संगठनलाई प्रदान गरिने अनुदान सहायताको रकम समावेश गरिन्छ।*** |
| ***२६२00*** | ***अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग*** | | ***यसमा अन्य मुलुक र अन्तर्राष्ट्रिय संघ संस्थालाई दिइने सहयोग, चन्दा, सदस्यता शुल्क एवं नवीकरण सम्बन्धी खर्च समावेश गरिन्छ।*** |
| ***२६२१0*** | ***अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग*** | | ***यसमा अन्य मुलुक र अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा, सदस्यता शुल्क एवं नवीकरण सम्बन्धी खर्च समावेश गरिन्छ।*** |
| २६२११ | अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | ३.०३ | यसमा नेपाल सरकारबाट अन्य मुलुक र अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा, सदस्यता शुल्क एवं नवीकरण सम्बन्धी खर्च समावेश गरिन्छ। |
| ***२६३00*** | ***स्थानीय निकायहरुलाई अनुदान*** | | ***यसमा नेपाल सरकारद्वारा स्थानीय निकायहरुलाई प्रदान गरिने अनुदान रकम सामावेश गरिन्छ।*** |
| ***२६३१0*** | ***स्थानीय निकाय चालु अनुदान*** | | ***यसमा सरकारद्वारा स्थानीय निकायहरुलाई प्रदान गरिने चालु प्रकृतिको अनुदान रकम समावेश गरिन्छ।*** |
| २६३११ | स्थानीय निकाय निशर्त चालु अनुदान | ३.०२ | यसमा नेपाल सरकारद्वारा स्थानीय निकायलाई संचालन खर्च र स्थानीय निकाय आफैले चयन गरी संचालन गर्ने कार्यक्रमका लागि प्रदान गर्ने निशर्त चालु अनुदान समावेश गरिन्छ। |
| २६३१२ | स्थानीय निकाय सःशर्त चालु अनुदान | ३.०६ | यसमा नेपाल सरकारद्वारा तोकिएको कार्यक्रम संचालन गर्न स्थानीय निकायलाई दिइने अनुदान समावेश गरिन्छ। |
| ***२६३२0*** | ***स्थानीय निकाय पूँजीगत अनुदान*** | | ***यसमा नेपाल सरकारले स्थानीय निकायहरुलाई प्रदान गर्ने पूँजीगत अनुदान समावेश गरिन्छ।*** |
| २६३२१ | स्थानीय निकाय निःशर्त पूँजीगत अनुदान | ८.०२ | यसमा नेपाल सरकारले स्थानीय निकायलाई स्थानीय निकाय आफैले चयन गरी संचालन गर्ने पूँजीगत कार्यक्रमका लागि प्रदान गर्ने निःशर्त पूँजीगत अनुदान समावेश गरिन्छ। |
| २६३२२ | स्थानीय निकाय सःशर्त पूँजीगत अनुदान | ८.०६ | नेपाल सरकारको तर्फबाट तोकिएको पूँजीगत कार्यक्रम संचालन गर्न स्थानीय निकायलाई दिइने ससर्त अनुदान यसमा पर्दछ। |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| *२६४००* | *सामाजिक सेवा अनुदान* | | *यसमा सरकारी निकाय, समिति एवं बोर्डहरु, अन्य संस्थाहरुलाई चालु खर्चको लागि दिइने नि:शर्त, स:शर्त अनुदान र अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तर्राष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ ।* |
| *२६४१०* | *चालु अनुदान* | | *यसमा सरकारी निकाय, समिति एवं बोर्डहरु, अन्य संस्थाहरुलाई चालु खर्चको लागि दिइने नि:शर्त, स:शर्त अनुदान र अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ सस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तर्राष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ ।* |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई नि:शर्त चालु अनुदान | ३.०३ | यसमा देहाय बमोजिमका खर्चहरु समावेश गरिन्छ :<br>(क) नेपाल सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने नि:शर्त अनुदान ।<br>(ख) विरामी तथा वन्दीहरुको लागि दिइने खाना, सिदा, कपडा र अन्य सहुलियत सम्बन्धी खर्चहरु । |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई ससर्त चालु अनुदान | ३.०५ | यसमा नेपाल सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई तोकिएका कार्यक्रमहरु संचालन गर्न दिइने स:शर्त अनुदान समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २६४१३ | अन्य संस्था तथा व्यक्तीलाई चालु अनुदान– सःशर्त | ३.०३ | यसमा देहाय बमोजिमका खर्चहरु समावेश गरिन्छ :<br>(क) दैवी प्रकोप वा अन्य कारणले पीडित व्यक्तिहरुलाई दिइने क्षतिपूर्ति सम्बन्धी खर्च ।<br>(ख) गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने अनुदान सम्बन्धी खर्च ।<br>(ग) नेपाल सरकारका तर्फबाट प्रदान गरिने आर्थिक सहायता, पुरस्कार आदिको खर्च ।<br>(घ) माथि शीर्षकहरुमा नपरेका अन्य अनुदानहरु । |
| ***२६४२०*** | ***पूँजीगत अनुदान*** | | ***यसमा सरकारी निकाय, समिति एवं बोर्डहरुलाई पूँजिगत निःशर्त, सःशर्त अनुदान र अन्य संस्थालाई पूँजिगत खर्चको लागि दिइने रकम समावेश गरिन्छ ।*** |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड - पूँजीगत निःशर्त अनुदान | ८.०३ | यसमा सरकारका तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई पुजिगत कार्यको लागि दिइने निसर्त अनुदान पर्दछ । |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड - पुजिगत सःशर्त अनुदान | ३.०३ | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई तोकिएका पुजिगत कार्यक्रमहरु संचालन गर्न दिइने सःशर्त अनुदान समावेश गरिन्छ । |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान | ८.०५ | यसमा गैर सरकारी सामाजिक क्षेत्रका सेवामुलक संस्थाहरु र माथि उल्लेख नभएका संस्थाहरुलाई पूँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ । |
| ***२७००० *** | ***सामाजिक सुरक्षा*** | | ***यसमा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट नगद वा जिन्सीको रुपमा ब्यहोरिने खर्च रकमहरु समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२७१००*** | ***सामाजिक सुरक्षा*** | | ***यसमा तोकिएका नागरिकहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट नगद वा जिन्सीको रुपमा ब्यहोरिने खर्च रकमहरु समावेश गरिन्छ ।*** |
| ***२७११०*** | ***सामाजिक सुरक्षा*** | | ***यसमा नेपाल सरकारले प्रदान गर्ने आर्थिक सहयोगको खर्च समावेश गरिन्छ ।*** |
| २७१११ | सामाजिक सुरक्षा–सःशर्त | ३.०४ | यसमा वृद्ध, असहाय, अपांग, विधवा वा राज्यले दायित्व व्यहोर्ने निर्णय गरेका व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक सहायता वा अनुदान स्वरुप प्रदान गरिने अनुदानको रकम समावेश गरिन्छ । |
| २७११२ | अन्य सामाजिक सहायता–सःशर्त | १.०६, ३.०३ | यसमा राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधि उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायताको रकम समावेश गरिन्छ । |
| ***२७२००*** | ***छात्रवृत्ति*** | | ***यसमा विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको अनुदान रकम समावेश गरिन्छ ।*** |
| ***२७२१०*** | ***छात्रवृत्ति*** | | ***यसमा विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको अनुदान रकम समावेश गरिन्छ ।*** |
| २७२११ | छात्रवृत्ति | ३.०७ | यसमा विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सबै शिक्षण संस्थाहरुमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृत्ति स्वरुप दिइने अनुदान बापतको नगद, जिन्सी वा सुविधाको रकम समावेश गरिन्छ । |
| ***२७३००*** | ***सेवा निवृत्त सुविधाहरु*** | | ***यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरुलाई सुविधाहरु प्रदान गर्नको लागि हुने खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२७३१०*** | ***सेवा निवृत्त सुविधाहरु*** | | ***यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरुलाई सरकारले सेवा निवृत्त सुविधाहरु प्रदान गर्नको लागि हुने खर्चहरु समावेश हुन्छ ।*** |
| २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति | १.०७ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने निवृत्तभरण सुविधा तथा अशक्त वृत्तिको खर्च समावेश गरिन्छ । |
| २७३१२ | उपदान | १.०७१ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने उपदान खर्च समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २७३१३ | सेवा निवृत्तको संचित विदा | १.०११ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने संचित विदाको खर्च समावेश गरिन्छ । |
| २७३१४ | सेवा निवृत्तको औषधि उपचार | १.०६१ | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि प्रदान गरिने औषधी उपचार खर्च समावेश गरिन्छ । |
| २७३१५ | मृतक कर्मचारीको सुविधा तथा सहायता | १.०७ | यसमा मृतक कर्मचारीको सुविधा तथा निजको परिवारलाई उपलव्ध गराईने सुविधा समावेश गरिन्छ :<br>(क) मृतक कर्मचारीको परिवारलाई उपलव्ध गराएको सहायता वापतको रकम क.सं.कोषलाई सोधभर्ना ।<br>(ख) मृतक कर्मचारीलाई नेपाल सरकारको तर्फबाट दिइएको थप रकम भए सो समेत । |
| ***२८००००*** | ***अन्य खर्च*** | | ***यसमा नेपाल सरकारकोतर्फबाट गरिने सबै प्रकारका फिर्ता खर्चहरु तथा जग्गा भाडा समावेश गरिन्छ ।*** |
| ***२८१००*** | ***सम्पत्ति सम्वन्धि खर्च*** | | ***यस अन्तरगत व्याज बाहेकको सम्पत्ति सम्वन्धि खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२८१४०*** | ***जग्गाको भाडा*** | | ***यसमा नेपाल सरकारको प्रयोजनका लागि जग्गा भाडामा लिई प्रयोग गरे वापत भुक्तानी गर्नु पर्ने भाडाको रकम समावेश गरिन्छ ।*** |
| २८१४१ | जग्गाको भाडा | २.०४ | यसमा सरकारी प्रयोजनका लागि जग्गा भाडामा लिई प्रयोग गरे वापत जग्गा धनीलाई भुक्तानी गर्नु पर्ने भाडा वा बालीनालीको क्षतिपूर्ति बापतको खर्च समावेश गरिन्छ । |
| ***२८२००*** | ***फिर्ता खर्च*** | | ***यसमा नेपाल सरकारकातर्फबाट गरिने सवै प्रकारका फिर्ता खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२८२१०*** | ***फिर्ता खर्च*** | | ***यसमा न्यायिक निर्णय अनुसार गरिनु पर्ने तथा भन्सार, लगायत अन्य सवै किसिमका करहरुसंग सम्बन्धित फिर्ता खर्चहरु समावेश गरिन्छ ।*** |
| २८२११ | राजस्व फिर्ता | १२.०१ | यसमा नेपाल सरकारले फिर्ता गर्नुपर्ने भन्सार, कर, अन्तः शुल्क, मालपोत, दण्ड जरिवाना र अन्य फिर्ता खर्चहरु समावेश गरिन्छ । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २८२१२ | न्यायिक फिर्ता | १२.०१ | यसमा नेपाल सरकारले न्यायिक निर्णय अनुसार गर्नु पर्ने फिर्ता खर्चहरु समावेश गरिन्छ । |
| २८२१३ | अन्य फिर्ता | १२.०१ | यसमा नेपाल सरकारले फिर्ता गर्नु पर्ने राजस्व तथा न्यायिक फिर्ता बाहेकका अन्य फिर्ता (बैदेशिक समेत) खर्चहरु समावेश गरिन्छ । |
| ***२९००००*** | ***पूँजीगत खर्च*** | | ***यसमा नेपाल सरकारको सबै किसिमका पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९१००*** | ***जग्गा*** | | ***यसमा जग्गा खरीद सम्बन्धी पूँजीगत खर्च समावेश गरिन्छ ।*** |
| ***२९११०*** | ***जग्गा खरीद*** | | ***यसमा सरकारी प्रयोजनका लागि जग्गा खरीद वा अधिग्रहण गर्दा लाग्ने सम्पूर्ण किसिमका खर्चहरु समावेश गरिन्छ ।*** |
| २९१११ | जग्गा खरीद | ५.०१ | यसमा जग्गा खरीद वा अधिग्रहण गर्ने सिलसिलामा लाग्ने मोल र सो वापतको मुआब्जा तथा जग्गा प्राप्त गर्दा लाग्ने दस्तुर, कर र अन्य खर्चहरु यस खर्च शीर्षकमा समावेश गरिन्छ । |
| ***२९२००*** | ***भवन*** | | ***यसमा भवन खरीद वा निर्माणसंग सम्बन्धी पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९२१०*** | ***भवन खरीद*** | | ***यस अन्तर्गत भवन खरीदसंग सम्बन्धी पूँजीगत खर्चहरु पर्दछन् ।*** |
| २९२११ | भवन खरीद | ५.०२ | यसमा तयारी भवन र त्यसले ओगटेको जग्गा समेत प्राप्त गर्दा लाग्ने खर्च र सो वापतको मुआब्जा र करहरु समावेश गरिन्छ । |
| ***२९२२०*** | ***भवन निर्माण*** | | ***यसमा भवन निर्माणसंग सम्बन्धी पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| २९२२१ | भवन निर्माण | ६.०४ | यसमा भवन, गोठ र टहरा निर्माण गर्न लाग्ने निम्न अनुसारको सबै खर्चहरु समावेश गरिन्छ :<br>(क) कार्यालय, आवास भवन र यसको कम्पाउण्डवाल आदिको निर्माण सम्बन्धी लागत खर्च ।<br>(ख) भइरहेको भवनको कोठा, तला थप गर्ने खर्च ।<br>(ग) भइरहेको भवन सम्बन्धी संरचनाको आयु थप हुने गरी गरिने पुंजीगत प्रकृतिको खर्च । |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ***२९२३०*** | ***पूँजीगत सुधार खर्च*** | | ***यसमा सावर्जनिक निर्माण र अन्य पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ ।*** |
| २९२३१ | पूँजीगत सुधार खर्च–भवन | ६.०५ | यसमा भवन को आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ तर संरचनाको क्षमता थप गर्ने वा भएको आकार वा लम्वाई थप गर्न लाग्ने खर्च संकेत नं. २९२२१ मा समावेश गरिन्छ । |
| ***२९३००*** | ***फर्नीचर*** | | ***यसमा सरकारी प्रयोजनका लागि खरीद गरिने फर्नीचरसंग सम्बन्धी पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९३१०*** | ***फर्नीचर तथा फिक्चर्स*** | | ***यसमा सरकारी प्रयोजनका लागि खरीद गरिने फर्नीचरसंग सम्बन्धी सवै किसिमका पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| २९३११ | फर्नीचर तथा फिक्चर्स | ६.०१ | यसमा सरकारी कार्यालयको प्रयोजनको लागि खरीद गरिएका फर्नीचर, फर्निसिँग तथा फिक्चर्सको निम्न वमोजिमका खर्चहरु समावेश गरिन्छ ।<br>(क) खरीद मोल,<br>(ख) यस सम्बन्धी ढुवानी भाडा, मार्गस्थ बीमा, कर, भन्सार सम्बन्धी खर्च । |
| ***२९४००*** | ***सवारी साधन*** | | ***यसमा सबै प्रकारका सवारी साधनहरु खरीद गर्दाको पूँजीगत प्रकृतिको खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९४१०*** | ***सवारी साधन*** | | ***यसमा सवारी साधनहरु खरीद गर्दाको सबै प्रकारका पूँजीगत प्रकृतिका खर्चहरु समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २९४११ | सवारी साधन | ६.०२ | यसमा खर्च शीर्षकमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) सवारीका साधनहरु (जस्तै हवाईजहाज, हेलिकप्टर, जीप, मोटरकार, बस, ट्रक, मोटर साइकल, स्कूटर, साइकल, ढुवानी सम्बन्धी काम गर्ने ट्रयाक्टर, गाडा तान्ने जनावरहरुः वयल, र घोडा आदि) को मोल ।<br>(ख) सवारी साधनको इन्जीन नै बदली मर्मत गरेमा सोको मोल र<br>(ग) सवारी साधन वा इन्जीन झिकाउँदा लागेको भाडा भरौट, कर, भन्सार, मार्गस्थ बीमा आदि खर्चहरु । |
| *२९५००* | *मेशीनरी औजार* | | *यसमा सबै प्रकारका मेशीनरी औजारहरु खरीद गर्दाको पूँजीगत प्रकृतिका लागतहरु समावेश गरिन्छ ।* |
| *२९५१०* | *मेशीनरी औजार* | | *यसमा सबै प्रकारका मेशीनरी औजारहरु खरीद गर्दाको पूँजीगत प्रकृतिका लागतहरु समावेश गरिन्छ ।* |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २९५११ | मेशीनरी औजार | ६.०३ | यसमा देहायका खर्चहरु समावेश गरिन्छः<br>(क) विभिन्न किसिमका भारी मेशीनहरु, खेती सम्बन्धी मेशीन र औजारहरु, ट्र्याक्टर ( ढुवानीको काममा प्रयोग हुने बाहेक), जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माण सम्बन्धी मेशीन, संचारका सामान, वैज्ञानिक यन्त्र र सामान, नाप तथा तौलको सामान, तस्वीर खिच्ने सामान, प्राविधिक ड्राफ्टीङ्ग सम्बन्धी सामान, कार्यालय मेशीन र औजारहरु जस्तै फ्याक्स, मिमिओग्राफ, कम्प्युटर, प्रिन्टर आदि मेशीन र औजारको मूल्य ।<br>(ख) यस्ता मेशीनरी औजारहरुको मुख्य भाग नै बदली मर्मत गर्नु परेमा सोको खर्च ।<br>(ग) सो सम्बन्धी आवश्यक भाडा भरौट, शुल्क, कर, भन्सार, मार्गस्थ बीमा आदि खर्चहरु । |

| ***संकेत*** | ***शीर्षक*** | ***साविक*** | ***व्याख्या*** |
|---|---|---|---|
| | | | (घ) सरकारी कार्यालयको लागि आवश्यक पर्ने एक वर्ष भन्दा बढी टिकाउ हुन सक्ने वा प्रति इकाइ रु. २,०००।- भन्दा बढी मोल पर्ने खालका देहायका सामानको मोल :<br>(अ) अस्पतालका लागि चाहिने औजारहरु ।<br>(आ) हिटर, पंखा, टेलिफोन सेट, क्यालकुलेटिङ्ग मेशीन, चेक राइटर, बिजुलीको मिटर, टर्चलाईट, टेलिफोन, सोलार, इन्भर्टर(ब्याट्री समेत), यु.पि.एस. हार्ड डिस्क र सोको जडान सम्बन्धी खर्च, आकाशवाणी तथा रेडियो, टेलिभिजनका लागि आवश्यक पर्ने सानातिना प्राविधिक सामानहरु आदि ।<br>(इ) कृषि औजार, पशु चिकित्सा सम्बन्धी सानातिना मालसामान, ड्रइङ्ग, डिजाइन लगायतका प्राविधिक सामान आदि ।<br>(ई) सुरक्षा निकायमा प्रयोग हुने सुरक्षा सम्बन्धी यन्त्र, उपकरण लगायतका सामानहरु ।<br>तर प्रति इकाइ दुई हजार रुपैंया भन्दा कम मूल्यका सामान खरीद गर्नु परेमा शीर्षक नम्बर २२३११, "कार्यालय सम्बन्धी खर्च" मा खर्च लेख्नु पर्नेछ। यस्तो सामानको प्रयोग कहां भएको छ भनी स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ । |
| ***२९६००*** | ***सार्वजनिक निर्माण*** | | ***यसमा सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९६१०*** | ***सार्वजनिक निर्माण*** | | ***यस नेपाल सरकारले गर्ने सार्वजनिक निमार्णसंग सम्बन्धित सवै प्रकारका पूँजीगत खर्चहरु समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २९६११ | सार्वजनिक निर्माण | ६.०५ | यसमा सार्वजनिक निर्माण र पूँजीगत सुधार सम्बन्धी खर्च समावेश गरिन्छ जस्तै राजमार्ग, सडक, पूल, रज्जुमार्ग (रोपवे), हवाई मैदान, संचार, विद्युत्, पानी, नहर, वन, खानी सम्बन्धी आयोजना आदिको खर्च समावेश गरिन्छ साथै देहायका खर्च समेत यस अन्तरगत समावेश गरिन्छ :<br>(क) निर्माण सम्बन्धी लागत खर्च ।<br>(ख) निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित इन्धन खर्च ।<br>(ग) नर्सरी निर्माण र वृक्षारोपण जस्ता खर्च ।<br>(घ) सुरक्षा प्रयोजनका लागि बनाइने सुरक्षा घेरा सम्बन्धी खर्च । |
| ***२९६२०*** | ***पूँजीगत सुधार खर्च*** | | ***यसमा सावर्जनिक निर्माण र अन्य पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ ।*** |
| २९६२१ | पूँजीगत सुधार खर्च – सार्वजनिक निर्माण | ६.०६ | यसमा सावर्जनिक निर्माण र पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ। तर संरचनाको आकार वा लम्वाई थप गर्न लाग्ने पूँजीगत निर्माण सम्बन्धी खर्च रकम संकेत २९६११ मा समावेश गर्नु पर्दछ। उदाहरणको लागि ५० किलोमिटर लामो विद्यमान सडकको स्तर वृध्दि गर्ने खर्च यस अन्तरगत पर्दछ भने सो सडकको लम्वाई १० किलोमिटर थप गर्नु पर्दा लाग्ने खर्च भने रकम संकेत २९६११ मा समावेश गरिन्छ। |
| ***२९७००*** | ***पूँजीगत अनुसन्धान तथा परामश*** | | ***यसमा निर्माणपूर्व वा निर्माणको दौरानमा हुने अध्ययन, अनुसन्धान तथा परामर्श सेवा सम्बन्धी र सफ्टवेयर खरीद तथा निर्माण सम्बन्धी पूँजीगत प्रकृतिका खर्चहरु समावेश गरिन्छ ।*** |
| ***२९७१०*** | ***पूँजीगत अनुसन्धान तथा परामर्श*** | | ***यसमा निर्माणपूर्व वा निर्माणको दौरानमा हुने अध्ययन, अनुसन्धान तथा परामर्श सेवा सम्बन्धी र सफ्टवेर खरीद तथा निर्माण सम्बन्धी पूँजीगत प्रकृतिको खर्चहरु समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| २९७११ | पूँजीगत अनुसन्धान तथा परामर्श | ६.०७ | यसमा देहायका खर्चहरु समावेश गरिन्छ :<br>(क) सम्भाव्यता अध्ययन खर्च<br>(ख) सर्वेक्षण, डिजाइन, ड्रइङ्ग खर्च<br>(ग) अन्वेषण उत्खनन र अनुसन्धान सम्बन्धी खर्च<br>(घ) पूँजीगत निर्माणको लागतमा समावेश हुने प्राविधिक परामर्श सेवा सम्बन्धी खर्च । |
| २९७१२ | सफ्टवेयर निर्माण र खरीद खर्च | | यसमा सवै प्रकारका सफ्टवेयर निर्माण ( परामर्शदाताको खर्च समेत), खरीद र सारभुत रुपमा प्रभाव पार्ने गरी सफ्टवेयरमा स्तरोन्नती गर्दाको लागत समावेश गरिन्छ । |
| ***२९८००*** | ***भैपरी आउने - पूँजीगत*** | | ***यसमा पूँजीगत खर्चको बजेट एकमूष्ट रुपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र यो शीर्षकको प्रस्ताव गरिएको हो ।*** |
| ***२९८१०*** | ***भैपरी आउने - पूँजीगत खर्च*** | | ***पूँजीगत खर्चको बजेट तर्जुमा गर्ने सिलसिलामा खर्चका रकमहरु यकिन गरी बजेट विनियोजन गर्न सम्भव नभएको स्थितिमा खर्च गर्नु अघि सम्बन्धित वजेट रकमहरुमा वजेट वाँडफाँड गर्ने शर्तमा बजेट प्रस्ताव गर्ने प्रयोजन सम्मका लागि मात्र यो उपशीर्षकको व्यवस्था गरिएको हो ।*** |
| २९८११ | भैपरी आउने - पूँजीगत खर्च | ९.०२ | पुंजीगत खर्च बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षकमा तोक्न सम्भव नभएका रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यसमा प्रस्ताव गर्न सकिनेछ । तर खर्च गर्दा बांडफांड गरी सम्बन्धित खर्च शीर्षक अन्तर्गत नै पारी खर्च गर्नु पर्दछ। यस शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी वा निकासा दिन वा खर्च गर्न मिल्दैन । |
| ***३००००*** | ***ऋण तथा लगानी व्यवस्थापन*** | | ***यस अन्तर्गतका संकेतहरुले सरकारी ऋण तथा लगानीको साथै स्वदेशी तथा वैदेशिक ऋण प्राप्ति र ऋणको सावाँ भुक्तानीको अवस्थालाई चित्रण गर्दछ ।*** |
| ***३१०००*** | ***खूद लगानी (ऋण र शेयर)*** | | ***यस अन्तर्गतका संकेतहरुले सरकारी वित्तीय नीति अनुरुप नेपाल सरकारले गर्ने ऋण तथा शेयर लगानीको स्थिति र त्यस वापत सरकारलाई प्राप्त हुने सावाँ फिर्ता भुक्तानी र लगानी बिक्रीबाट प्राप्त हुने आय समेतको समग्र स्थिति प्रष्ट गर्दछ ।*** |

| ***संकेत*** | ***शीर्षक*** | ***साविक*** | ***व्याख्या*** |
|---|---|---|---|
| ***३११००*** | ***खूद ऋण लगानी*** | | ***यसमा नेपाल सरकारले गर्ने ऋण लगानीमा सरकारले विगतमा गरेको ऋण लगानीहरुबाट सावाँ फिर्ता प्राप्त रकम समायोजन गर्दा हुन आउने खूद अंक उल्लेख गरिन्छ ।*** |
| ***३१११०*** | ***आन्तरिक ऋण लगानी*** | | ***यसमा नेपाल सरकारबाट गरिने वित्तीय, व्यापारिक, औद्योगिक, सेवामूलक संस्थालाई गरिने ऋण लगानी सम्बन्धी रकम समावेश गरिन्छ ।*** |
| ३११११ | संस्थानमा ऋण लगानी | ७.०२ | यसमा नेपाल सरकारबाट स्वदेशी वित्तीय, व्यापारिक, औद्योगिक, सेवामुलक जस्ता सरकारी संस्थानहरुलाई गरिने ऋण लगानी सम्बन्धी रकम समावेश गरिन्छ । |
| ३१११२ | अन्य संस्थामा ऋण लगानी | | यसमा नेपाल सरकारबाट माथि समावेश नभएका अन्य प्रकारका स्वदेशी संस्थाहरुमा गरिने ऋण लगानी सम्बन्धी रकम समावेश गरिन्छ । |
| ***३११२०*** | ***वैदेशिक ऋण लगानी*** | | ***यसमा नेपाल सरकारबाट विदेशमा गरिने ऋण लगानीको रकम समावेश गरिन्छ ।*** |
| ३११२१ | वैदेशिक ऋण लगानी | | यसमा नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सरकार वा संघ संस्थाहरुमा गरिने ऋण लगानीको रकम समावेश गरिन्छ । |
| ***३११३०*** | ***आन्तरिक ऋण लगानी फिर्ता*** | | ***यसमा विभिन्न स्वदेशी संस्थाहरुमा नेपाल सरकारबाट विगतमा गरिएको ऋण लगानीको सावाँ फिर्ता स्वरुप प्राप्त रकम समावेश गरिन्छ ।*** |
| ३११३१ | संस्थानबाट ऋण लगानी फिर्ता | १.१.११.१०<br>१.१.११.२०<br>१.१.११.३०<br>१.१.११.४० | यसमा स्वदेशी वित्तीय, व्यापारिक, औद्योगिक, सेवामूलक प्रतिष्ठानहरुमा सरकारबाट विगतमा गरिएको ऋण लगानीको साँवा फिर्ता स्वरुप प्राप्त रकम समावेश गरिन्छ । |
| ३११३२ | अन्य संस्थाबाट ऋण लगानी फिर्ता | १.१.११.५० | यसमा संकेत नं. ३११३१ मा परे देखि बाहेकका स्वदेशी प्रतिष्ठानहरुमा सरकारबाट विगतमा गरिएको ऋण लगानीको सावाँ फिर्ता स्वरुप प्राप्त रकम समावेश गरिन्छ । |
| ***३११४०*** | ***वैदेशिक ऋण लगानी फिर्ता*** | | ***यसमा नेपाल सरकारबाट अन्तर्राष्ट्रिय सरकार वा संघ संस्थाहरुमा गरिएको लगानी फिर्ता प्राप्त भएको रकम समावेश गरिन्छ ।*** |

| *संकेत* | *शीर्षक* | *साविक* | *व्याख्या* |
|---|---|---|---|
| ३११४१ | वैदेशिक ऋण लगानी फिर्ता | | यसमा नेपाल सरकारबाट अन्तर्राष्टिय सरकार वा संघ संस्थाहरुमा गरिएको लगानी फिर्ता प्राप्त भएको रकम समावेश गरिन्छ । |
| ***३१२००*** | ***खूद शेयर लगानी*** | | ***यसमा नेपाल सरकारले गर्ने लगानीमा सरकारले विगतमा गरेको लगानीहरुको बिक्रीबाट प्राप्त भएको आयको रकम समायोजन गर्दा हुन आउने खूद अंक उल्लेख गरिन्छ ।*** |
| ***३१२१०*** | ***आन्तरिक शेयर लगानी*** | | ***यसमा नेपाल सरकारबाट स्वदेशी वित्तीय, ब्यापारिक, औद्योगिक, सेवामूलक संस्थामा गरिएको शेयर लगानी सम्बन्धी रकम समावेश गरिन्छ ।*** |
| ३१२११ | संस्थानमा शेयर लगानी | ७.०१ | यसमा नेपाल सरकारबाट स्वदेशी वित्तीय, ब्यापारिक, औद्योगिक, सेवामूलक जस्ता सरकारी संस्थानहरुलाई गरिने शेयर लगानी सम्बन्धी रकम समावेश गरिन्छ । |
| ३१२१२ | अन्य संस्थामा शेयर लगानी | | यसमा नेपाल सरकारबाट माथि समावेश नभएका अन्य प्रकारका संस्थाहरुमा गर्ने शेयर लगानी सम्बन्धी रकम समावेश गरिन्छ । |
| ***३१२२०*** | ***वैदेशिक शेयर लगानी*** | | ***यसमा विदेशी कम्पनीहरुको शेयरमा गरिने लगानीको रकम समावेश गरिन्छ ।*** |
| ३१२२१ | वैदेशिक शेयर लगानी | | यसमा नेपाल सरकारबाट विदेशी कम्पनीहरुको शेयरमा गरिने लगानीको रकम समावेश गरिन्छ । |
| ***३१२३०*** | ***आन्तरिक शेयर बिक्री*** | | ***यसमा वित्तीय, ब्यापारिक, औद्योगिक, सेवामूलक संस्थाको शेयरको बिक्रीबाट नेपाल सरकारलाई प्राप्त हुने रकम समावेश गरिन्छ ।*** |
| ३१२३१ | संस्थानको शेयर बिक्री | | यसमा नेपाल सरकारबाट स्वदेशी वित्तीय, ब्यापारिक, औद्योगिक, सेवामुलक जस्ता सरकारी संस्थानको खरीद गरिएको शेयर बिक्रीबाट प्राप्त रकम समावेश गरिन्छ । |
| ३१२३२ | अन्य संस्थाको शेयर बिक्री | | यसमा नेपाल सरकारबाट माथि समावेश भए देखि बाहेकका अन्य स्वदेशी संस्थाको खरीद गरिएको शेयर बिक्रीबाट प्राप्त रकम समावेश गरिन्छ । |
| ***३१२४०*** | ***वैदेशिक शेयर बिक्री*** | | ***यसमा विदेशी कम्पनीहरुको शेयर बिक्रीबाट प्राप्त रकम समावेश गरिन्छ ।*** |

| संकेत | शीर्षक | साविक | व्याख्या |
|---|---|---|---|
| ३१२४१ | वैदेशिक शेयर बिक्री | | यसमा नेपाल सरकारबाट खरीद गरिएको विदेशी कम्पनीहरुको शेयर बिक्रीबाट प्राप्त रकम समावेश गरिन्छ । |
| ***३२००० *** | ***खूद आन्तरिक तथा बैदेशिक ऋण*** | | ***यसमा आन्तरिक तथा वाह्य ऋणहरुको सावाँ भुक्तानी र ऋणको सावां फिर्ता प्राप्तिको खूद रकम उल्लेख गरिन्छ ।*** |
| ***३२१००*** | ***खूद वैदेशिक ऋण*** | | ***यसमा वाह्य ऋण प्राप्ति तथा वाह्य ऋणको सावाँ भुक्तानीको खूद रकम समावेश गरिन्छ ।*** |
| ***३२११०*** | ***वैदेशिक ऋणको सावाँ भुक्तानी*** | | ***यसमा द्विपक्षिय, बहु पक्षिय रुपमा लिइएको वैदेशिक ऋणको सावाँ भुक्तानी समावेश गरिन्छ ।*** |
| ३२१११ | वैदेशिक ऋणको सावाँ भुक्तानी | १०.०२ | यसमा द्विपक्षिय, बहु पक्षिय रुपमा लिइएको वैदेशिक ऋणको सावाँ भुक्तानी सम्बन्धी खर्च समावेश गरिन्छ । |
| ***३२१२०*** | ***वैदेशिक ऋण प्राप्ति*** | | ***यसमा नेपाल सरकारलाई वाह्य श्रोतबाट प्राप्त हुने सवै किसिमको ऋणको रकम समावेश गरिन्छ ।*** |
| ३२१२१ | वैदेशिक ऋण प्राप्ति | | यसमा नेपाल सरकारलाई वाह्य श्रोतबाट प्राप्त हुने वहुपक्षीय र द्विपक्षीय ऋणको रकम समावेश गरिन्छ । |
| ***३२२००*** | ***खूद आन्तरिक ऋण*** | | ***यसमा आन्तरिक ऋण प्राप्ति र आन्तरिक ऋणको सावाँ भुक्तानीको खूद रकम समावेश गरिन्छ ।*** |
| ***३२२१०*** | ***आन्तरिक ऋणको सावाँ भुक्तानी*** | | ***यसमा सवै किसिमका आन्तरिक ऋणहरुको सावाँ भुक्तानीको खर्च समावेश गरिन्छ ।*** |
| ३२२११ | आन्तरिक ऋणको सावाँ भुक्तानी | १०.०१ | यसमा ट्रेजरी बिल, राष्ट्रिय बचत पत्र, नागरिक बचत पत्र, विकास ऋण पत्र, विशेष ऋण जस्ता आन्तरिक ऋणको सावाँ भुक्तानी खर्च समावेश गरिन्छ । |
| ***३२२२०*** | ***आन्तरिक ऋण प्राप्ति*** | | ***यसमा सवै किसिमका आन्तरिक ऋणहरु जारी गरी सरकारले प्राप्त गर्ने ऋणको रकम समावेश गरिन्छ ।*** |
| ३२२२१ | आन्तरिक ऋण प्राप्ति | | यसमा ट्रेजरी बिल, राष्टिय बचत पत्र, नागरिक बचत पत्र, विकास ऋण पत्र, विशेष ऋण जस्ता आन्तरिक ऋणहरु जारी गरी सरकारले प्राप्त गर्ने रकम समावेश गरिन्छ । |

***नोट:*** *संकेत नं. को अन्तमा शून्य भएका शीर्षकहरुमा खर्च लेख्न मिल्दैन । जस्तैः २११११०, २२२०० आदि ।*